प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

बागमती प्रदेश

हेटौंडा, मकवानपुर

पत्र संख्या :- प्र.३/१/२२/२/०७७/०७८

चलानी नं. :- २१

मिति : २०७७/०४/०१

श्री सबै प्रदेश मन्त्रालय/सचिवालय/आयोग/कार्यालय,

श्री सबै जिल्ला समन्वय समिति (१३)

श्री सबै स्थानीय तह (११९)

बागमती, प्रदेश।

विषयः आ.व. २०७६/०७७ को सम्पत्ती विवरण वुझाउने बारे।

उपर्युक्त विषयमा आ.व.२०७६/०७७ को सम्पत्ती विवरण भरी पेश गर्ने सम्बन्धमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, (आन्तरिक व्यवस्थापन शाखा), सिंहदरबार काठमाडौंको च.नं. १५१२, मिति २०७७/०३/१६ को पत्र, राष्ट्रिय किताबखानाको च.नं. ५२, मिति २०७७/०३/१० को निर्णय प्रतिलिपि पठाइएको सम्बन्धी पत्र, राष्ट्रिय सतर्कता केन्द्र, सिंहदबार, काठमाडौंको आ.व.२०७५/०७६ को सम्पत्ति विवरण बुझाउने सम्बन्धी सूचना एवं प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचना अनुसार मिति २०७५ साल असार २० गतेको राजपत्र अतिरिक्ताङ्क ११ मा प्रकाशित सम्पत्ती विवरण सम्बन्धी नेपाल राजपत्र समेत यसै साथ सलग्न छ। विस्तृत विवरण सोहीबाट अध्ययन गर्नु भई सम्पत्ती विवरण वुझाउन तोकिएका पदाधिकारीहरु/ राष्ट्र सेवक कर्मचारीहरु सम्पूर्णले तोकिएको फाराम (फारामको नमुना संलग्न छ) मा सम्पत्ती विवरण भरी समय सीमा भित्र तोकिएको कार्यालयमा वुझाउने र वुझ्ने कार्य गरी सम्बन्धित कार्यालयले राष्ट्रिय सतर्कता केन्द्रमा अभिलेखिकरण गरि सोको नम्बर खाममा स्पष्ट देखिने गरी पदाधिकारी र कर्मचारी/शिक्षक/आदिको स्थायी/अस्थायी/ करार छुट्टाछुटै विवरण तयार गरी तोकिएको समयभित्र यस कार्यालयमा पेश गर्नु गराउनु हुन अनुरोध छ। साथै ढिला गरी तोकिएको म्याद नाघी प्राप्त हुन आएको सम्पत्ती विवरणहरु उपर कुनै किसिमले अभिलेखिकरण नगरिने भएकोले समयमा नै उक्त विवरण तयार गरी सफ्ट कपी सहितको हार्डकपी संलग्न गरी प्रत्येकको बन्दीखामहरु पेश गर्नु हुन र यस सम्बन्धमा थप कुरा बुझ्न परेमा देहायका कर्मचारीहरुसंग सम्पर्क गर्नु हुन मिति २०७७/०४/०१ को निर्णयानुसार अनुरोध छ।

| सि.नं. | नाम थर | पद/तह | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|
| १. | श्री राजु श्रेष्ठ | कम्प्यूटर अधिकृत, अधिकृत आठौं | ९८४५५३८३४५ | |
| २. | श्री महेश आचार्य | अधिकृत, अधिकृत सातौ | ९८५११६६३६२ | |
| ३. | श्री हरि प्रसाद अधिकारी | अधिकृत, अधिकृत छैठौं | ९८५५०२४५९५ | |
| ४. | अच्चुतम पोखरेल | सहायक, सहायकस्तर पाचौं | ९८५५०६७१५७ | |

२०७७/०४/०१

(महेश आचार्य)

अधिकृत सातौं

**बोधार्थः**

श्री सूचना तथा संञ्चार शाखा,

-संलग्न विवरण **Website** मा समावेश गरिदिनुहुन अनुरोध छ।

# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६८) काठमाडौं, असार २० गते, २०७५ साल (अतिरिक्ताङ्क ११

## भाग ५

नेपाल सरकार

## प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको

### सूचना

नेपाल सरकारले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० को उपदफा (१) तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३१क. को उपदफा (१) को प्रयोजनका लागि खण्ड ६०, सङ्ख्या १, मिति २०६७।०१।०६ को नेपाल राजपत्र

भाग ५ मा प्रकाशित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचना खारेज गरी सार्वजनिक पद धारण गरेका व्यक्तिहरूले यसैसाथ संलग्न ढाँचामा आफ्नो वा आफ्नो परिवारको नाममा रहेको सम्पत्तिको स्रोत वा निस्सा सहितको अद्यावधिक विवरण पेश गर्न देहाय बमोजिमको निकाय तोकेकोले यो सूचना प्रकाशन गरिएको छ :-

| क्र.सं. | सार्वजनिक पद | विवरण पेश गर्नुपर्ने निकाय |
|---|---|---|
| १. | राष्ट्रपति, उपराष्ट्रपति | राष्ट्रपतिको कार्यालय |
| २. | प्रधानमन्त्री, उपप्रधानमन्त्री, मन्त्री, राज्यमन्त्री र सहायक मन्त्री | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| ३. | प्रतिनिधि सभाका सभामुख, उपसभामुख, सदस्य तथा पदाधिकारीहरू, राष्ट्रिय सभाका अध्यक्ष, उपाध्यक्ष, सदस्य तथा पदाधिकारीहरू, सङ्घीय संसदका महासचिव, प्रतिनिधि सभा र राष्ट्रिय सभाका सचिवहरू | सङ्घीय संसदको सचिवालय |
| ४. | संवैधानिक निकायका पदाधिकारी तथा सदस्यहरू | संवैधानिक परिषद्को सचिवालय |
| ५. | महान्यायाधिवक्ता | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |

| | | |
|---|---|---|
| ६. | राष्ट्रपतिबाट मनोनीत तथा नियुक्त अन्य पदाधिकारी | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| ७. | उपराष्ट्रपतिबाट मनोनीत तथा नियुक्त अन्य पदाधिकारी | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| ८. | निजामती सेवाका कर्मचारी | राष्ट्रिय किताबखाना |
| ९. | नेपाल सरकारबाट नियुक्त अन्य आयोगका प्रमुख एवं सदस्यहरू | सम्बन्धित मन्त्रालय |
| १०. | नेपाली सेना | सैनिक अभिलेखालय |
| ११. | नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, विशेष सेवाका कर्मचारी र राष्ट्रिय सतर्कता प्रहरी | राष्ट्रिय किताबखाना |
| १२. | राष्ट्रिय योजना आयोगका उपाध्यक्ष तथा सदस्यहरू | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| १३. | नेपाली राजदूत तथा विशेष प्रतिनिधि | परराष्ट्र मन्त्रालय |
| १४. | नेपाल सरकारबाट मनोनीत तथा नियुक्त अन्य पदाधिकारी | सम्बन्धित मन्त्रालय |
| १५. | नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रण भएको कम्पनी, बैङ्क, समिति वा प्रचलित कानूनबमोजिम नेपाल सरकारद्वारा स्थापित आयोग, | सम्बन्धित मन्त्रालय |

| | | |
|---|---|---|
| | संस्थान, प्राधिकरण, निगम, प्रतिष्ठान, बोर्ड, केन्द्र, परिषद् र यस्तै प्रकृतिका अन्य सङ्गठित संस्थाका पदाधिकारी तथा निजामती बाहेकका कर्मचारी | |
| १६. | नेपाल सरकारद्वारा सञ्चालित वा नेपाल सरकारको पूर्ण वा आंशिक अनुदान प्राप्त विश्वविद्यालय, महाविद्यालय, अनुसन्धान केन्द्र र अन्य त्यस्तै प्राज्ञिक वा शैक्षिक संस्थाका पदाधिकारी तथा कर्मचारी | सम्बन्धित मन्त्रालय |
| १७. | नेपाल सरकारद्वारा सञ्चालित वा नेपाल सरकारको पूर्ण वा आंशिक अनुदान प्राप्त विद्यालयका पदाधिकारी, शिक्षक तथा कर्मचारी | राष्ट्रिय किताबखाना |
| १८. | प्रदेश प्रमुखहरू | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| १९. | प्रदेश सरकारका मुख्यमन्त्री, मन्त्री, राज्य मन्त्री लगायतका पदाधिकारीहरू | सम्बन्धित प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| २०. | प्रदेशसभाका सभामुख, उपसभामुख, सदस्य लगायतका पदाधिकारीहरू | सम्बन्धित प्रदेश सभाको सचिवालय |

| | | |
|---|---|---|
| २१. | प्रदेशका मुख्य न्यायाधिवक्ताहरू | सम्बन्धित प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| २२. | प्रदेश लोकसेवा आयोगका अध्यक्ष एवं पदाधिकारीहरू | सम्बन्धित प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| २३. | प्रदेश सरकारबाट मनोनीत तथा नियुक्त अन्य पदाधिकारीहरू | सम्बन्धित प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| २४. | जिल्ला समन्वय समितिको प्रमुख, उपप्रमुख तथा जिल्ला समन्वय समितिबाट नियुक्त भएका अन्य पदाधिकारी तथा कर्मचारीहरू | सम्बन्धित जिल्ला समन्वय समितिको कार्यालय |
| २५. | नगर कार्यपालिकाको प्रमुख तथा उपप्रमुख, गाउँ कार्यपालिकाको अध्यक्ष तथा उपाध्यक्ष, वडाध्यक्ष, गाउँ तथा नगर कार्यपालिकाको सदस्य तथा वडा सदस्य लगायतका स्थानीय तहका पदाधिकारी तथा कर्मचारीहरू (निजामती र स्थायी शिक्षक बाहेक) | सम्बन्धित स्थानीय तहको कार्यालय |

| | | |
|---|---|---|
| २६. | नेपाल सरकारको ऋण, अनुदान वा जमानतमा सञ्चालित संस्थाका पदाधिकारी तथा कर्मचारीहरू | सम्बन्धित मन्त्रालय |
| २७. | क्र.सं. १५, १६, १७ र २६ मा उल्लिखित संस्थाको पूर्ण वा आंशिक स्वामित्व भएको वा नियन्त्रण रहेको वा त्यस्तो संस्थाबाट अनुदान प्राप्त संस्थाका पदाधिकारी तथा कर्मचारीहरू | सम्बन्धित मन्त्रालय |
| २८. | क्र.सं. १ देखि १७ सम्म र २६ र २७ मा उल्लेख गरिएदेखि बाहेक सार्वजनिक पद धारण गरेका नेपाल सरकार मातहतका अन्य पदाधिकारी तथा कर्मचारीहरू | सम्बन्धित मन्त्रालय |
| २९. | प्रदेश प्रमुखको कार्यालयमा कार्यरत निजामती बाहेक अन्य पदाधिकारी एवं कर्मचारीहरू | सम्बन्धित प्रदेश प्रमुखको कार्यालय |
| ३०. | क्र.सं. १९ देखि २३ सम्म उल्लेख गरिएदेखि बाहेक प्रदेश सरकार मातहतका सार्वजनिक पद धारण गरेका अन्य पदाधिकारी तथा कर्मचारी | सम्बन्धित प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| ३१. | नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सार्वजनिक | सोही सूचनामा तोकिएको निकाय |

| | | |
|---|---|---|
| | संस्था भनी तोकेका अन्य संस्थाका पदाधिकारी तथा कर्मचारी | |

**पुनश्चः**

१. क्र.सं.१ देखि ३१ सम्मका पदाधिकारी तथा कर्मचारीहरूको सम्पत्ति विवरण बुझाए वा नबुझाएको अभिलेखको जानकारी सम्पत्ति विवरण राखेको निकायले सम्पत्ति विवरण बुझाउन तोकेको अन्तिम म्याद सकेको दुई महिनाभित्र अनिवार्य रूपमा राष्ट्रिय सतर्कता केन्द्रमा छिटो साधनद्वारा उपलब्ध गराउनु पर्नेछ ।

२. जिल्ला समन्वय समिति, गाउँपालिका, नगरपालिका र प्रदेश सरकारको मन्त्रालयमा पेश भएका सम्पत्ति विवरणहरूको अभिलेख तत् तत् निकायले राखी सम्पत्ति विवरण बन्दी खामहरू तीस दिनभित्र प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गरिसक्नु पर्नेछ र त्यस्ता सम्पत्ति विवरण प्रदेश सरकारले संरक्षण एवं व्यवस्थापन गर्नु पर्नेछ ।

३. सार्वजनिक पद धारण गरेको पदाधिकारी र कर्मचारीहरूले बुझाउनुपर्ने सम्पत्ति विवरण समयमै बुझाउन लगाउने, बुझाएका सम्पत्ति विवरण तोकिएको निकायमा पठाउने र सम्पत्ति विवरण बुझाउने र नबुझाउने पदाधिकारी तथा कर्मचारीहरूको विवरण समयमा नै उपलब्ध गराउने जिम्मेवारी र कर्तव्य सम्बन्धित निकायको प्रमुखको हुनेछ ।

(भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० को उपदफा (१) तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३१क. को उपदफा (१) को प्रयोजनका लागि)

## सम्पत्ति विवरण फाराम

सार्वजनिक पद धारण गरेको व्यक्तिको नाम, थर :
पद :
विवरण पेश गरेको निकाय :
कार्यालय :
विवरण पेश गरेको आ.व. :

**स्थायी ठेगाना :**
जिल्ला : गा.पा./न.पा : वडा नं.: टोल :

**हाल बसोबास गरेको ठेगाना :**
जिल्ला : गा.पा./न.पा : वडा नं.: टोल :
कर्मचारी भए सङ्केत नम्बर : स्थायी लेखा नं. :

## १. अचल सम्पत्तिको विवरण :

### (क) घरः

| क. सं. | घर धनीको नाम | घर र घरले चर्चेको जग्गाको विवरण | | | | | खरिद गरेको भए खरिद मूल्य | प्राप्तिको स्रोत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | जिल्ला | गा.पा./ न.पा. | वडा नं. | कित्ता नं. | क्षेत्रफल (वर्गमीटर) | | | |
| | | | | | | | | | |

(ख) जग्गा :

| क्र.सं | जग्गा धनी को नाम | जग्गाको विवरण | | | | | खरिद गरेको भए खरिद मूल्य | प्राप्तिको स्रोत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | जिल्ला | गा.पा. / न.पा. | वडा नं. | कित्ता नं. | क्षेत्रफल | | | |
| | | | | | | | | | |

## २. चल सम्पत्तिको विवरण :

(क) नगद, सुन, चाँदी, हिरा, जवाहरात :

| क्र.सं. | विवरण | परिमाण | प्राप्ति मिति | खरिद गरेको भए खरिद मूल्य | प्राप्तिको स्रोत | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |

(ख) बैङ्क, बित्तीय संस्था तथा सहकारी संस्थामा रहेको खाताको विवरण :

| क्र. सं. | खातावालाको नाम | संस्थाको नाम र ठेगाना | खाता नं. | मौज्दात रकम | प्राप्तिको स्रोत | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |



पाठ्यक्रम

(ग) धितोपत्र, शेयर वा ऋण पत्रको विवरण :

| क्र.सं. | शेयर धनीको नाम, थर | कम्पनीको नाम, ठेगाना | शेयर/ऋण पत्रको किसिम | शेयर/ऋण पत्रको विवरण | | प्राप्तिको स्रोत | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | सङ्ख्या | रकम | | |
| | | | | | | | |

(घ) ऋण लिए/दिए/तिरेको विवरण :

| क्र.सं. | ऋण लिने/दिने/तिर्ने व्यक्ति/संस्थाको नाम, ठेगाना | ऋण | | | ऋण लिए/दिए/तिरेको रकम | ऋण लिए/दिए/तिरेको मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | लिएको | दिएको | तिरेको | | | |
| | | | | | | | |

(ङ) सवारी साधन (अटोमोबाईलको हकमा मात्र) को विवरण :

| क्र.सं. | सवारी धनीको नाम | सवारीको किसिम र नम्वर | खरिद मूल्य | खरिद मिति | प्राप्तिको स्रोत | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |

३. कृषि तथा पशुधन(घरजग्गा बाहेक) को विवरण :

| क्र.सं. | विवरण | सङ्ख्या | खरिद मूल्य | प्राप्त मिति | प्राप्तिको स्रोत | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |

४. अन्य सम्पत्ति विवरण :

| क.सं. | विवरण | खरिद मूल्य | प्राप्त मिति | प्राप्तिको स्रोत | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

मैले जाने बुझेसम्म माथि लेखिए बमोजिमको विवरण ठीक छ । फरक पर्ने छैन ।

नाम :

पद :

दस्तखत :

मिति :

द्रष्टव्य : अघिल्लो आर्थिक वर्षमा पेश गरेको सम्पत्ति विवरणमा थपघट भएको विवरण यसै बमोजिमको फाराममा भरी पेश गर्नु पर्नेछ ।

आज्ञाले,
बुद्धिवहादुर खड्का
सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू १०।-
गो.हु.द.नं. १६।२०६२।६३

नेपाल सरकार

# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

(आन्तरिक व्यवस्थापन शाखा)

पत्र संख्या :- २०७६/०७७

चलानी .नः १५१२

मितिः- २०७७/०३/१६

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय ७ वटै प्रदेश

श्री स्थानीय तहहरु सबै

विषयः- सम्पति विवरण बुझाउने सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा राष्ट्रिय किताबखानाको च.नं. ५२ मिति २०७७।३।१० को पत्रसाथ प्राप्त निर्णयको बुदा नं. १२ मा *स्थानीय तहमा कार्यरत अन्य सेवाका कर्मचारीहरुको सम्पति विवरण प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा पठाउने ब्यवस्था रहेकाले लोकसेवा आयोगबाट सिफारिस भई स्थानीय तहमा नियुक्ति भएका कर्मचारीहरुको समेत सम्पति विवरण प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा बुझाउने ब्यवस्थाका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा निर्णयको लागि अनुरोध गर्ने* भनि लेखी आएका तथा राष्ट्रिय सर्तकता केन्द्रले आ.ब. २०७५।७६को सम्पति विवरण बुझाउने सम्बन्धमा जारी गरेको सूचनामा समेत जिल्ला समन्वय समिति, गाउँपालिका, नगरपालिका र प्रदेश सरकारको मन्त्रालयमा पेश भएका सम्पति विवरणहरुको अभिलेख राखी तीस दिनभित्र प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा पेश गरिसक्नुपर्ने भनि उल्लेख भएकोले सोही अनुसार तहाँ र अन्तर्गतका निकायहरुमा उक्त निर्णय अनुसार सम्पति विवरण संकलन र दर्ता गर्ने ब्यवस्था हुन यस मन्त्रालयको मिति २०७७।३।१६को निर्णयअनुसार अनुरोध छ ।

बोधार्थ

१) सूचना तथा प्रविधि शाखा, सूचना एकाई : प्रस्तुत सूचना वेभसाईटमा अपलोड गरिदिनहुन ।

२०७७।३।१६

(बसन्त भट्टराई)

शाखा अधिकृत

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
# राष्ट्रिय किताबखाना

पत्र संख्या:-२०७६/७७
चलानी नं. :-

मिति २०७७।०३।१०

श्रीमान् सचिवज्यू,
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार, काठमाडौं ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सचिवज्युको कार्य कक्ष
दर्ता नम्बर:- १२१०
दर्ता मिति:- ०७७-३-१०

**विषय : निर्णयको प्रतिलिपि पठाइएको सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा यस राष्ट्रिय किताबखानाबाट मिति २०७७।०३।१० मा सम्पत्ति विवरण सम्बन्धमा भएको निर्णय प्रतिलिपि यसै पत्रसाथ संलग्न राखी निर्देशनका लागि अनुरोध छ ।

(सुशील ढकाल)
महानिर्देशक

आज मिति २०६८ साल असार १० गते बुधवारका दिन यस विभाग का श्रीमान महानिर्देशक श्री सुशील ढकाल ज्यू को संयोजकत्वमा यस विभागको सभाहल मा बसेको बैठकले आ.व. २०६७/६८ को निजामती कर्मचारीहरुले बुझाउने सम्पत्ति विवरण दर्ता सोको लागि कर्मचारीहरुको व्यवस्था, स्थान, प्रक्रिया र दर्ता भएका सम्पत्ति विवरणलाई व्यवस्थित भण्डारण लगायतका अन्य व्यवस्थापन सम्बन्धि विषयहरुमा निम्न लिखित अधिकृत तथा कर्मचारीहरुको उपस्थितिमा बैठक बसी छलफल गरी निम्न अनुसार निर्णय गरियो।

उपस्थिति

१. महानिर्देशक श्री सुशील ढकाल रा.कि.खाना (निजामती)
२. उप महा निर्देशक श्री अद्वैत प्रकाश श्रेष्ठ " "
३. उपमहानिर्देशक श्री दिनेश कुमार श्रेष्ठ रा.कि.खाना (वि.शिक्षा)
४. उप महानिर्देशक श्री टेक बहादुर के.सी. रा.कि.खाना (प्रहरी)
५. प्रतिनिधि श्री कविता फुयाल उप.प्रधान म.तथा म.प.का.
६. " श्री सन्तोष शर्मा उप. अ.दु.अ. आ.
७. " श्री पुरुषोत्तम खतिवडा उपसं.धीप मा.तथा सा.प्र.म.
८. " श्री . . रा.सतर्कता केन्द्र
९. " श्री कृष्ण लम्साल उ.नि. स्वा.तथा जे.म.
१०. निर्देशक श्री चोक प्रसाद पौडेल रा.कि.खाना (निजामती)
११. निर्देशक श्री रोमान नेपाली " " "
१२. उपसचिव श्री सुदन खकुरेली श्रेष्ठ " "
१३. सूचना प्रविधि निर्देशक श्री हिरागोपाल महर्जन " "
१४. शा.अ. श्री सुरेन्द्र कुमार वज्राचार्य " "
१५. शा.अ. श्री घनश्याम तिमिल्सीना " "
१६. लेखा अ. श्री गोविन्दराज आचार्य " "
१७. कं.अधिकृत श्री विदुर प्रसाद तिमिल्सीना " "
१८. ना.सु. श्री हरि प्रसाद दाहाल " "
१९. खरिदार श्री पूजा गौतम " "
२०. का.स. श्री अनराज खत्री " "
२१. का.स. श्री राधिका तिमिल्सीना " "
२२. का.स. श्री कविता तिवारी " "
२३. का.स. श्री सन्तोषी भण्डारी " "

## निर्णय

(१) भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० (१) अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३१(क) र निजामती सेवा नियमावली, २०५० को नियम ११८ बमोजम प्रत्येक कर्मचारीले आर्थिक वर्ष समाप्त भएको ६० दिन भित्र र नयाँ नियुक्ति भएको कर्मचारीले शुरु नियुक्ति भएको ६० दिनभित्र आफ्नो सम्पत्ति विवरण सम्बन्धित कार्यालयमा म्यादभित्रै बुझाई सम्बन्धित कार्यालयले यस राष्ट्रिय किताबखाना(निजामती)मा म्यादभित्रै आइपुग्ने गरी पेश गर्नुपर्नेछ। सेवा निवृत्त भए पश्चात पनि सेवा निवृत्त भएको आर्थिक बर्षको सम्पत्ति विवरण पेश गरेको रहेनछ भने नयाँ आर्थिक बर्ष शुरु भएको ६० दिनभित्र विभागमा प्राप्त हुनेगरी पेश गर्नु पर्नेछ । साथै सम्पत्ति विवरण बुझाउने दायित्व सम्बन्धित कर्मचारीको हुनेछ ।

(२) नेपाल राजपत्र भाग ५ खण्ड ६० संख्या १ मिति २०६७ वैशाख ६ को नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचना अनुसारको ढाँचा बमोजिमको सम्पत्ति विवरण फाराम भरी खाम बाहिर देहायको विवरण उल्लेख गरी पठाउनु पर्नेछ ।

आ.व. ०७६ । ७७ को सम्पत्ति विवरण बुझाउने खाममा लेख्ने विवरणको ढाँचा

| | |
|---|---|
| क. कर्मचारीको संकेत नम्बरः | ङ. श्रेणी/तहः |
| ख. नाम, थरः | च. कार्यरत कार्यालयः |
| ग. पद/दर्जाः | छ. मोबाइल नं. |
| घ. सेवा/समूहः | ज. ई—मेल ठेगानाः |

(३) निर्णय (२) अनुसार पूर्ण विवरण भरी शिलबन्दी गरेको सम्पत्ति विवरण रहेको खाम प्राप्त भएमा तुरुन्त PIS प्रविष्टि गरी अभिलेख राखिनेछ । म्यादभित्र प्राप्त भएका तर संकेत नम्बर नभएको, नमिलेको वा हालको कार्यालय र पद नमिली प्राप्त भएको सम्पत्ति विवरणलाई PIS/संचार सम्पर्कबाट एकिन भएमा दर्ता सकिनेछ। साथै संगठन वा पद दर्ता नभएको कारणले पदाधिकार कार्यालय नमिलेको अवस्थामा भने सम्पत्ति विवरण दर्ता गर्न बाधा पर्ने छैन ।

(४) हुलाक मार्फत् तोकिएको अवधिभित्र राष्ट्रिय किताबखानामा प्राप्त भएकोमा PIS प्रविष्ट गरी अभिलेख राखिनेछ । तर तोकिएको ६० दिन पछि प्राप्त भएको सम्पत्ति विवरणलाई प्राप्त नभए सरह मानी अभिलेख राखिने छैन ।

(५) निर्णय (१) र (२) बमोजिम तोकिएको म्यादभित्र सम्पत्ति विवरण बुझाउने र नबुझाउने कर्मचारीहरुको वार्षिक विवरण राष्ट्रिय किताबखानाले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, राष्ट्रिय सतर्कता केन्द्र र सेवा समूह संचालन गर्ने केन्द्रीय निकायमा सम्पत्ति विवरण दाखिला गर्नुपर्ने अन्तिम म्याद समाप्त भएको मितिले बढीमा ४५(पैंतालीस) दिनभित्र पठाउनेछ।

(६) अध्ययन, असाधारण र अन्य बिदा, तालिम, काज वा निलम्बनमा रहेका कर्मचारीले समेत सार्वजनिक पद धारण गरेकै अवस्था हुने भएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० बमोजिम आ.व. समाप्त भएको ६० दिनभित्र सम्पत्ति विवरण बुझाउनु पर्नेछ भन्ने व्यहोरा सम्पत्ति विवरण बुझाउने सम्बन्धी सूचना प्रकाशित गर्दा समावेश गर्ने ।

(७) राष्ट्रिय किताबखानामा म्यादभित्र प्राप्त भएको तर सम्पत्ति विवरण PIS मा दर्ता गर्ने क्रममा संकेत नं। ठीक लेखिएर आएपनि अर्को कर्मचारीको संकेत न.मा दर्ता हुन गएको र सर्टिङ्ग गर्ने क्रममा कुनै कारणबश र मानवीय त्रुटीवश दर्ता हुन नसकेको र दर्ता नं. दोहोरो परेको सम्पत्ति विवरण भेटिएमा राष्ट्रिय किताबखानाले आवश्यक निर्णय गरी त्यस्ता सम्पत्ति विवरण दर्ता गर्न सक्नेछ। साथै दोहोरो संकेत नं.(सिटरोल नं.) कायम भई एउटा नं.मा दर्ता भएको सम्पत्ति विवरण पछि कायम भएको संकेत नं. मा सारी अभिलेख राखिनेछ ।

(८) सम्पत्ति विपरण बुझाउने म्याद समाप्त भएको मिति पछि भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० को उपदफा २ बमोजिम सम्पत्ति विवरण बुझाउन आएमा विशेष परिस्थितिको म्यादसम्म मात्र लिने । तत्पश्चात जरीवाना सम्बन्धी निर्णय भईआएपछि मात्र जरिवाना सहितको सम्पत्ति विवरण दर्ता गर्ने ।

(९) २०७७ साल असार महिनाको दोस्रो हप्तासम्म सम्पत्ति विवरण बुझाउने सूचना राष्ट्रिय स्तरको पत्रिकामा प्रकाशित गर्ने र यस राष्ट्रिय किताबखानाको वेबसाइट www.pis.gov.np मा प्रक्रियाको विस्तृत विवरण समेत राख्ने व्यवस्था मिलाउने।

(१०) सम्वत् २०७२ साल बैशाख १२ गतेको विनाशकारी भूकम्पको कारणले राष्ट्रिय किताबखाना (निजामती) संचलनमा रहेको हरिहरभवन क्षतिग्रस्त (सुरक्षाको दृष्टिकोणले रातो स्टिकर टाँस) भएको हुँदा २०७२ सालभन्दा अगाडिका सम्पत्ति विवरण अनुसन्धान गर्ने निकायहरुलाई पठाउन समस्या भएको सम्बन्धमा गत वर्षको यसै प्रकृतिको बैठकबाट भएको निर्णयलाई निरन्तरता दिने ।

(११) कोभिड-१९को महामारीको कारणले गर्दा नेपाल सरकारले जारी गरेको विभिन्न मितिका निर्देशन र जारी गरेको कार्यविधि बमोजिमको मापदण्ड अनुसार आवतजावतमा कठिनाई र भिडभाडको कुनै पनि कार्य गर्दा संक्रमणको जोखिम बढ्ने र निजामती सेवा नियमावली २०५० को नियम ११८(१) बमोजिम सम्पत्ति विवरण सम्बन्धित कार्यालय मार्फत निजामती किताबखानामा पेश गर्नुपर्नेछ भन्ने व्यवस्था भएकोले यस वर्ष सम्पत्ति विवरण दर्ता गर्न व्यक्ति स्वयं आउनु नपर्ने गरी सम्बन्धित कार्यालयबाटै एकमुष्ट म्यादभित्रै सम्बन्धित कर्मचारीबाट र विद्यालय शिक्षकहरुको सम्बन्धित स्थानिय तह मार्फत् सम्पत्ति विवरण लिई म्यादभित्रै राष्ट्रिय किताबखाना (निजामती) र राष्ट्रिय किताबखाना(प्रहरी) र राष्ट्रिय किताबखाना(शिक्षक)मा पठाउने सम्बन्धमा व्यवस्थाका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा अनुरोध गर्ने।

(१२) स्थानिय तहमा कार्यरत अन्य सेवाका कर्मचारीहरुको सम्पत्ति विवरण प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बुझाउने व्यवस्था रहेकोले लोकसेवा आयोगबाट सिफारिश भई स्थानिय तहमा नियुक्ति भएका कर्मचारीहरुको समेत सम्पत्ति विवरण प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बुझाउने व्यवस्थाको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा निर्णयको लागि अनुरोध गर्ने ।

नेपाल सरकार

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

# राष्ट्रिय किताबखाना (निजामती)

हरिहरभवन, ललितपुर ।

## आ.व. ०७६/७७ को सम्पति विवरण बुझाउने सम्बन्धी अत्यन्त जरुरी सूचना

(सूचना प्रकाशित मिति : २०७७/03/२२)

(१) भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० को उपदफा (१) तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३१ (क) को उपदफा (१) र निजामती सेवा नियमावली, २०५० को नियम ११८(१) बमोजिम प्रत्येक कर्मचारीले आर्थिक वर्ष समाप्त भएको मितिले ६० दिन भित्र आफ्नो सम्पति विवरण सम्बन्धित कार्यालय मार्फत राष्ट्रिय किताबखाना (निजामती) मा दर्ता गर्नुपर्ने र सम्पति विवरण बुझाउने दायित्व सम्बन्धित कर्मचारीको हुनेछ भन्ने व्यवस्था भएको ।

(२) नेपाल राजपत्र भाग ५ खण्ड ६० संख्या १ मिति २०६७ वैशाख ६ को नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको सूचनामा तोकिएको ढाँचा बमोजिमको सम्पति विवरण फाराम भरी खाम बाहिर देहायको विवरण उल्लेख गरी पठाउनु पर्नेछ ।

**आ.व. २०७६/७७ को सम्पति विवरण**

| | |
|---|---|
| **क) कर्मचारीको संकेत नम्बर:** | **ङ) श्रेणी/तह:** |
| **ख) नाम, थर:** | **च) कार्यरत कार्यालय:** |
| **ग) पद/दर्जा:** | **छ) मोबाइल नं.** |
| **घ) सेवा/समूह:** | **ज) ई-मेल ठेगाना:** |

(३) कोभिड-१९ को महामारीको कारणले गर्दा नेपाल सरकारले जारी गरेको विभिन्न मितिका निर्देशन र कार्यविधि बमोजिमको मापदण्ड अनुसार आवत जावतमा कठिनाई र भिडभाडको कुनै पनि कार्य गर्दा संक्रमणको जोखिम बढ्ने र **निजामती सेवा नियमावली २०५० को नियम ११८(१) बमोजिम "सम्पति विवरण सम्बन्धित कार्यालय मार्फत निजामती किताबखानामा पेश गर्नुपर्नेछ"** भन्ने व्यवस्था भएकोले यस वर्ष सम्पति विवरण दर्ता गर्न व्यक्ति स्वयं (व्यक्तिगत रुपमा) सम्पति विवरण बुझाउन राष्ट्रिय किताबखाना (निजामती) जानु नपर्ने गरी आफू कार्यरत कार्यालयमा यथाशिघ्र बुझाई सम्बन्धित कार्यालयबाटै एकमुष्ट २०७७ साल श्रावण १ गते देखि भाद्र २८ गते भित्र राष्ट्रिय किताबखाना (निजामती) मा प्राप्त हुने गरी छिटो हुने माध्यमबाट पठाउनु पर्नेछ ।

(४) कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम प्रदेश तथा स्थानीय तहमा समायोजन भएका अन्य सेवाका कर्मचारीहरु (कर्मचारी संकेत नम्बर प्राप्त नगरेका) र लोक सेवा आयोगबाट आ.व. २०७५/७६ मा भएको विज्ञापन अनुसार सिफारिश भई स्थानीय तहहरुमा नियुक्ति भएका कर्मचारीहरु (कर्मचारी संकेत नम्बर प्राप्त गरेको भएतापनि) ले नेपाल राजपत्र, खण्ड ६८, असार २०, २०७५ (अतिरिक्ताङ्क ११) भाग ५, नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको सूचनामा तोके बमोजिम जिल्ला समन्वय समिति, गाउँपालिका, नगरपालिका, प्रदेश सरकारका मन्त्रालयहरुमा पेश भएका अभिलेख तत् तत् निकायले राखी सम्पति विवरण बन्दी खामहरु ३० (तीस) दिन भित्र प्रदेश मूख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा पेश गरिसक्नुपर्ने र त्यस्ता सम्पति विवरण प्रदेश सरकारले संरक्षण एवं व्यवस्थापन गर्नुपर्नेछ भन्ने व्यवस्था बमोजिम सम्पति विवरण संकलन र दर्ता गर्ने व्यवस्था गर्नुपर्नेछ । तर निजामती सेवामा कार्यरत रही संघ, प्रदेश र स्थानीय तहमा समायोजन भएका निजामती कर्मचारीहरुले साबिक बमोजिम नै राष्ट्रिय किताबखाना (निजामती) मा नै सम्पति विवरण बुझाउनुपर्नेछ ।

(५) हुलाक मार्फत् तोकिएको अवधि भित्र राष्ट्रिय किताबखाना (निजामती) मा प्राप्त भएकोमा PIS मा प्रविष्ट गरी अभिलेख राखिनेछ । तर तोकिएको ६० दिन पछि प्राप्त भएको सम्पति विवरणलाई प्राप्त नभए सरह मानी अभिलेख राखिने छैन ।

नेपाल सरकार

# राष्ट्रिय सतर्कता केन्द्र, सिंहदरबार

## आ.व.२०७५/७६ को सम्पत्ति विवरण बुझाउने सम्बन्धी सूचना

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० को उपदफा (१) बमोजिम सार्वजनिक पद धारण गरेको व्यक्तिले त्यस्तो पद धारण गरेको मितिले र त्यसपछि हरेक आर्थिक वर्ष समाप्त भएको मितिले ६० (साठी) दिनभित्र आफ्नो वा आफ्नो परिवारको नाममा रहेको सम्पत्तिको स्रोत वा निस्सा सहितको अद्यावधिक विवरण नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको निकाय वा अधिकारी समक्ष पेश गर्नुपर्नेछ भन्ने व्यवस्था भएको हुँदा सार्वजनिक पद धारण गरेका पदाधिकारी तथा कर्मचारीहरूले आ.व.२०७५/७६ को सम्पत्ति विवरण सार्वजनिक पद धारण गरेको वा आर्थिक वर्ष समाप्त भएको मितिले ६० दिनभित्र नेपाल सरकारले नेपाल राजपत्र भाग ५ खण्ड ६८, असार २० गते २०७५ साल (अतिरिक्तांक ११) मा तोकेको निकाय वा अधिकारी समक्ष तोकिएको ढाँचामा भरी बुझाई देहाय अनुसार हुन अनुरोध छ।

क) सार्वजनिक पद धारण गरेका पदाधिकारी तथा कर्मचारीहरूको सम्पत्ति विवरण बुझाए वा नबुझाएको अभिलेखको जानकारी सम्पत्ति विवरण राख्ने निकायले सम्पत्ति विवरण बुझाउन तोकिएको अन्तिम म्याद सकेको दुई महिनाभित्र अनिवार्य रूपमा राष्ट्रिय सतर्कता केन्द्रमा छिटो साधनद्वारा उपलब्ध गराउनुपर्नेछ।

ख) जिल्ला समन्वय समिति, गाउँपालिका, नगरपालिका र प्रदेश सरकारको मन्त्रालयमा पेश भएका सम्पत्ति विवरणहरूको अभिलेख तत् तत् निकायले राखी सम्पत्ति विवरण खामहरू तीस दिनभित्र प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गरिसक्नुपर्नेछ र त्यस्ता सम्पत्ति विवरण प्रदेश सरकारले संरक्षण एवं व्यवस्थापन गर्नुपर्नेछ।

ग) सार्वजनिक पद धारण गरेका पदाधिकारी र कर्मचारीहरूले बुझाउनु पर्ने सम्पत्ति विवरण समयमै बुझाउन लगाउने, बुझाएका सम्पत्ति विवरण तोकिएका निकायमा पठाउने र सम्पत्ति विवरण बुझाउने र नबुझाउने पदाधिकारी तथा कर्मचारीहरूको विवरण समयमा नै उपलब्ध गराउने जिम्मेवारी र कर्तव्य सम्बन्धित निकायको प्रमुखको हुनेछ।

उक्त राजपत्रको सूचना यस केन्द्रको वेबसाइट www.nvc.gov.np मा राखिएको छ। सार्वजनिक पद धारण गरेको व्यक्तिले तोकिएको समयभित्र सम्पत्ति विवरण नबुझाएमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० को उपदफा (३) बमोजिम कारबाहीका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा लेखी पठाइने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। सम्पत्ति विवरणका सम्बन्धमा थप बुझ्नु परेमा केन्द्रको सम्पत्ति विवरण तथा अनुगमन शाखाको फोन नं. ०१-४२००४१२ मा सम्पर्क गर्नुहुन अनुरोध छ।